


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com

सचेतनाको माध्यम नै यस महामारीबाट बच्ने उत्तम उपाय भएकोले सत्य/तथ्य बुझेर मात्र सामाजिक सञ्जालमा रहेका सूचनाहरूको प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ असार ०६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 20 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९२

## टयाक्टर र टिपरमा क्षमताभन्दा बढी ढुवानीले सडक बिगाय्रो

प्रस, पंचगाँवा, ५ असार/

सडक क्षमताभन्दा बढी लोड लिएर टिपर–टयाक्टरबाट गिट्टी, बालुवा, ढुङ्गा ओसारपोसार गर्दा पर्साको ग्रामीण क्षेत्रका सडकहरू बिग्रिने क्रम जारी छ।

सखुवाप्रसौनी गाउँपालिका–२ प्रसौनी–गुलरियामा रहेको पुल भत्केको छ।

यसैगरी, पटेर्वासुगौली गापा–४ सुगौलीदेखि भतौंडासम्म र उत्तर सुगौलीदेखि पटेर्वा डेकुलीलगायतका क्षेत्रका सडकहरू भत्किएका छन्।

सडक क्षमताभन्दा बढी टिपर–टयाक्टरबाट नदीजन्य पदार्थको ढुवानी हुँदा सडकहरू भत्किएका हुन्।

वर्षाले केही ठाउँका सडक भत्काएको छ भने अधिकांश ठाउँमा टिपर–टयाक्टरको ओभरलोडले सडकहरू भत्किएका छन्।

पटेर्वासुगौलीका शिक्षक सुभाषप्रसाद दास थारूले स्थानीय पालिकाको लापरवाहीका कारण सडकको यो दुर्दशा भएको बताए। उनले पालिकाले सडक क्षमता अनुसार आफ्नो क्षेत्रमा सवारीसाधन सञ्चालन गराउनुपर्नेमा जथाभावी बढी भार बोकेर सवारीसाधनहरू सञ्चालन हुँदा सडकहरू भत्किएको आरोप लगाए।



सडक क्षमताभन्दा बढी लोडले भत्किएको ग्रामीण क्षेत्रका सडक। तस्वीरः प्रतीक

## महामारीले बदल्यो सिकाइ शैली, अनलाइनले घट्यो शुल्क

काठमाडौं, ५ असार/रासस

कोरोना महामारीले सन् २०१९ अघि र त्यसपछिका मावनीय गतिविधिमा निकै अन्तर ल्याएको छ। महामारीले विश्वभर आतङ्क मच्चाइरहँदा एकाध महीना मानव समुदायका क्रियाकलाप स्थिरजस्तो देखिए पनि पछिल्लो समय वैकल्पिक माध्यमबाट विगतका लय पक्रिन थालेका छन्।

महामारीका कारण भौतिक उपस्थितिमा कठिनाइ देखिए पनि प्रविधिको प्रयोगबाट आफ्ना कर्मलाई नियमितता दिन अन्तर्राष्ट्रियजगत् लागेको छ। विश्वका हरेक कुनामा बस्ने व्यक्तिले अहिले त्यही प्रविधिको प्रयोग गर्दै आफूलाई एकापसमा नजीक ल्याइरहेका छन्।

कोरोना महामारीको दोस्रो लहरका बावजूद पनि पछिल्ला समयमा शैक्षिक, सामाजिक तथा आर्थिक गतिविधिले गति लिएका छन्। अध्ययन, अध्यापन, अनुसन्धानदेखि व्यापार–व्यवसायसम्म प्रविधिले सहजीकरण गरिरहेका छन्। शैक्षिक संस्थाले विभिन्न सफ्टवेयरको प्रयोग गरेर आफ्नो गतिविधिलाई निरन्तरता दिएका छन्। शिक्षक तथा विद्यार्थीले पनि आफूलाई त्यसमा अभ्यस्त बनाउँदै लगेका छन्।

विद्यालय, विश्वविद्यालयका नियमित शैक्षिक सत्र अनलाइन माध्यमबाट



प्रतीकात्मक तस्वीरः सौजन्य

अगाडि बढेका छन्। सैद्धान्तिक विषयका कक्षा मात्र नभई प्रयोगात्मक विषय पनि अनलाइनका माध्यमबाट नियमित भइरहेका छन्। पछिल्ला समय विभिन्न विषयको अध्ययनका लागि हुने प्रवेश परीक्षाको तयारी कक्षा पनि अनलाइनबाटै हुने गरेको छ।

"कोभिडको दोस्रो लहरसम्म आइपुग्दा विद्यार्थी तथा शिक्षकमा अनलाइन कक्षामा पढ्ने/पढाउने बानीको राम्रो विकास भइसकेको छ," इन्जिनीयरिङको प्रवेश परीक्षाको तयारी कक्षा सञ्चालन गरिरहेको संस्था क्ल्याम्पहुक एकेडेमीका संस्थापक विक्की छन्त्याल भन्छन्, "अब सबै विद्यार्थीको पहुँचमा इन्टरनेट र प्रविधिको विस्तारमा जोड दिनुपर्छ।"

क्ल्याम्पहुक एकेडेमीले पनि अनलाइनबाटै इन्जिनीयरिङको प्रवेश परीक्षाको तयारी कक्षा सञ्चालन गर्दै आएको छ। पछिल्लो एक वर्ष विद्यार्थी तथा शिक्षकमा देखिएको प्रविधिमैत्री व्यवहार एवं सोच तथा अनलाइन अध्ययनबाट अध्ययन/अध्यापन गर्दा आएको नतीजाले उनी झन् उत्साहित छन्।

**घटेको शुल्कबाट प्रविधि किन्न सहज**

अनलाइन कक्षाले आम नागरिकको सोच मात्र बदलेको छैन, यसबाट समय र पैसाको पनि बचत भएको छ। कतिपय विद्यालय, विश्वविद्यालय तथा इन्स्टिच्युटले शुल्क पनि घटाएका छन्। शैक्षिक संस्थाले घटाएका शुल्कबाट विद्यार्थीले प्रविधि किन्न सकेका छन्।

क्ल्याम्पहुक एकेडेमीले पनि अनलाइन कक्षा सञ्चालन गरेपछि इन्जिनीयरिङको प्रवेश परीक्षा तयारी कक्षाको शुल्क घटाएको छ। न्यून शुल्कमैं विद्यार्थीले तयारी कक्षा लिन सकेका छन्। "तयारी कक्षा सञ्चालन गर्ने संस्थाले आठ–दश वर्षअघिदेखि नै इन्जिनीयरिङको 'इन्ट्रान्स क्लास'को शुल्क बीस हजारमाथि लिंदै आएको थिएँ," क्ल्याम्पहुक एकेडेमीका सञ्चालक छन्त्याल भन्छन्, "अनलाइनमार्फत छ हजारमैं गुणस्तरीय तयारी कक्षा सञ्चालन गर्न सकेका छौं।"

भौतिकरूपमा कक्षा सञ्चालन गर्दा संस्थाको घरभाडा, कक्षा कोठा व्यवस्थापन खर्च तथा ठूलो सङ्ख्यामा कर्मचारीको सङ्ख्या आवश्यक पर्ने र अनलाइन कक्षा सञ्चालन गर्दा ती खर्चको कटौती हुँदा न्यूनतम शुल्कमा कक्षा सञ्चालन गर्न सफल भएको उनको जिकिर छ।

क्ल्याम्पहुकको समूह नै इन्जिनीयरिङ पृष्ठभूमिको भएकाले अनलाइन कक्षा मात्र

(बाँकी अन्तिम पातामा)

## काजकिरियाको लागि खाद्यान्न सहयोग

प्रस, पोखरिया, ५ असार/

पोखरिया नगरपालिका–१ का दुईजनालाई वनकटवा युवा समाजले



तस्वीरः प्रतीक

खाद्यान्न सहयोग गरेको छ।

सुखी पासवान र चन्दन महतो नुनियालाई चामल, चिउरा, चिनी, तेल, आलु, प्याजलगायत समाजका अध्यक्ष हृदयनारायण कुर्मीले सहयोग गरेका हुन्।

दुवैजनाको घरमा काजकिरियाको लागि सो सामग्री सहयोग गरिएको अध्यक्ष कुर्मीले बताए।

## २६ करोडको विद्युतीय गाडी भित्रिए

राधेश्याम पटेल, परवानीपुर, ५ असार/

वीरगंज नाकामा १० महीनादेखि होल्ड २६ करोड मूल्यबराबरको करीब ६०



पार्किङ्गमा रहेका सवारीसाधन। तस्वीरः फाइल

वटाभन्दा बढी सवारीसाधन भित्रिएका छन्।

सरकारले आव २०७८/७९ को बजेटमा विद्युतीय गाडी आयात गर्दा लाग्ने अन्तःशुल्क खारेज गरिदिएपछि आयातकर्ताहरूले होल्ड भएका गाडीहरू धमाधम छुटाउन थालेका हुन्।

वीरगंजको वीरगंज भन्सार र सुक्खा बन्दरगाह भन्सारमा होल्ड भएका ६० वटा कार, जीप, भ्यान र ३५ वटा ईरिक्शा भित्रिएको भन्सार अधिकारीहरूले बताएका छन्। उनीहरूका अनुसार जेठ १५ गतेको बजेट भाषणको भोलिपल्टदेखि जेठ ३१ गतेसम्म १६ दिनमैं ७ करोड ५४ लाख ७१ हजार रुपैयाँ राजस्व तिरेर २६ करोड रुपैयाँबराबरको विद्युतीय गाडी जाँचपास गरी भित्र्याइएको हो।

सुक्खा बन्दरगाह भन्सारका सूचना अधिकारी चुडामणि शर्मा कट्टेलले दिएको जानकारी अनुसार सुक्खा बन्दरगाह भन्सारबाट ४५ वटा किया ब्रान्डका गाडी भित्रिएका थिए। त्यसैगरी, वीरगंज भन्सारबाट १५ वटा कार र ३५ वटा तीन पाङ्ग्रे ईरिक्शाको जाँचपास भएको छ। अब सुक्खा बन्दरगाह भन्सारमा बाँकी रहेका १० वटा कार पनि जाँचपास गराएर लग्ने आयातकर्ताहरूको तयारी छ।

विद्युतीय गाडीको आयातमा पहिले भन्सार महसूल ४० प्रतिशत, ब्याट्रीको क्षमता अनुसार ६ देखि ६० प्रतिशतसम्म अन्तःशुल्क र सडक सम्भार दस्तुर ५ प्रतिशत लाग्थ्यो भने आगामी आवको बजेटमा जारी गरिएको नयाँ व्यवस्था अनुसार गाडीको ब्याट्रीको क्षमता अनुसार १० देखि ४० प्रतिशतसम्म भन्सार महसूल र सडक सम्भार दस्तुर ५ प्रतिशत मात्र लाग्छ।

चालू आवमा अन्तःशुल्क लगाउँदा विद्युतीय गाडीको आयात ठप्प भएको थियो भने आयात गरिएका गाडीहरू पनि भन्सार बिन्दुमैं अड्केका थिए। अहिले अन्तःशुल्क हटाएपछि नेपालमा विद्युतीय गाडीको आयात बढ्ने सम्भावना छ।

## चारजना महिलासहित सयजनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ असार/

पकहामैनपुर गाउँपालिकामा सचेत युवा समाज नेपाल र नेपाल हेल्थ क्लबको संयुक्त आयोजनामा सम्पन्न आकस्मिक रक्तदान कार्यक्रममा चारजना महिलासहित सयजनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

गाउँपालिकाको सहयोगमा रामचरित्र भगत माविमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन गापा प्रमुख विजय चौरसियाले गरेका थिए।

रक्तदान कार्यक्रममा सीता जैसवाल, सरिता मण्डल, सुनीता देवी, सविता देवी, अखिलेश पटेल, नीरज चौहान, विकास गुप्ता, जीतेन्द्र साह, मनोज पटेल, लक्ष्मी दास, रवि मेहता, बलिराम सहनी, दीपक कुशवाहा, भूषण यादव, कृष्ण चौहान, धनञ्जय गुप्ता, पप्पु साह, विजय सहनी, सद्दाम हुसैनलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले



तस्वीरः प्रतीक

बताए।

कार्यक्रममा गापा उपप्रमुख कुसुमी देवीलगायतको सहभागिता थियो।

## झझरा गाउँमा वृद्धको हत्या

प्रस, सिम्रौनगढ, ५ असार/

सीमावर्ती भारतको जितना थाना क्षेत्रको झझरा गाउँमा शुक्रवार राति एकजना वृद्धको हत्या भएको छ।

स्थानीय ६२ वर्षीय शिवलाल महतोको धारिलो हतियार प्रहारबाट हत्या गरिएको प्रहरीले जनाएको छ।

सुतिरहेको बखतमा घरमा उनको हत्या भएको हो। स्थानीय प्रहरीका राहुल कुमारले शव शल्यपरीक्षणको लागि मोतीहारी पठाइएको बताए।

हत्याको आशङ्कामा एकजना युवकलाई पक्राउ गरिएको उनले जानकारी दिएका छन्।

हत्या सम्बन्धमा प्रहरीले छानबीन गरिरहेको सिकरहनाका डिएसपी शिवेन्द्रकुमार अनुभवीले बताए।

## विचारसार र सूक्तिहरू

**धन फलदायक हुँदैन, न त नाम, यश, विद्या नै फलदायक हुन्छ। प्रेम मात्र सर्वत्र फलदायक हुन्छ। चरित्रले नै कठिनाइको सङ्गीन भित्तालाई भत्काएर आफ्नो बाटो बनाउँछ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दृष्टिकोण सकारात्मक राखौं

हाम्रो दृष्टिकोणले नै हाम्रो जीवनको दिशाधारा तय गर्दछ । सानासाना घटनाहरूमा दृष्टिभेदले नै हाम्रो हेर्ने दृष्टिकोणमा धेरै अन्तर उत्पन्न हुन्छ । जस्तै, यदि शर्बतले भरिएको आधा गिलास छ भने त्यो कसैका लागि आधा भरिएको हुन्छ र कसैका लागि आधा खाली। जसलाई शर्बत चाहिंदैन, उसका लागि त्यो गिलास आधा भरिएको हुन्छ र जसलाई त्यस शर्बतको तिर्खा छ, उसका लागि त्यो आधा खाली हुन्छ, पूरा भरिएको हुँदैन। गिलासलाई आधा भरिएको भनियोस् वा आधा खाली, कुरा त एउटै हो, तर यसमा दृष्टिकोणको फरक छ र हाम्रो इच्छाको पनि।



जुन मानिसले गिलासलाई आधा भरिएको ठान्यो, उसको दृष्टिकोण सकारात्मक थियो र जसले शर्बतको त्यस गिलासलाई आधा खाली ठान्यो उसको दृष्टिकोण निषेधात्मक थियो, अर्थात् निषेधात्मक दृष्टिकोण भएको व्यक्तिको ध्यान अभावतिर आकृष्ट हुन्छ, जबकि सकारात्मक दृष्टिकोण भएको व्यक्तिको ध्यान भावतिर रहन्छ।

प्रत्येक व्यक्तिमा गुण र अवगुण दुवै हुन्छन्, तर यदि हाम्रो चिन्तन गुणातिर केन्द्रित रह्यो भने त्यसको लाभको रूपमा हामीलाई शान्ति र प्रसन्नताको अनुभूति हुन्छ । यसविपरीत निराशावादी र अवगुणवादी मनुष्य आफ्नो चारैतिर अभाव र दोषकै दर्शन गरिरहन्छ, जसले गर्दा उसले आफ्नो जीवनमा शान्ति र प्रसन्नता अनुभव गर्न पाउँदैन । जुन मानिस अभावलाई भाव, विषादलाई हर्ष तथा दुःखलाई सुखमा परिवर्तन गर्ने कला जान्दछ, त्यस व्यक्तिको जीवन सार्थक र सफल हुन्छ ।

दुःखी मानिसले आफ्नो कल्पनाको सहाराले सानै दुःखलाई पनि ठूलो बनाइदिन्छ । ऊ स्वयंलाई संसारको सबैभन्दा दुःखी र अभागी व्यक्ति ठान्न थाल्दछ, जबकि यो उसको मात्र भ्रम हुन्छ । सच्चाई त के हो भने ऊभन्दा पनि दुःखी र समस्याग्रस्त व्यक्तिले यो संसार भरिएको छ ।

सुखी र दुःखी दुवैथरीका मानिसका लागि आफ्नो दृष्टिलाई व्यापक बनाउनु जरुरी छ। यसले जहाँ सुखको अभिमान मेटिन्छ, त्यहीं दुःखको भाव र तनाव पनि समाप्त हुन्छ । आफ्नो वास्तविक स्थितिलाई बिर्सेर हामी जहिले पनि आफ्नो तुलना अरूसँग गर्ने प्रयास गर्ने गर्छौं, हामी आफ्नो कर्तव्यबाट र राम्ररी कर्म निर्वाह गर्नबाट विमुख हुन्छौं। यस्तो गर्दा हामी अरूको हातको खेलौना मात्र बन्न पुग्छौं ।

वास्तवमा सुख र दुःख, दुवै सीमाहीन छन्, अर्थात् यिनको कुनै सीमा छैन । यस्तो अवस्थामा हामी आफूलाई घोर दुःखी र अभागी ठान्न थाल्दछौं र हामीलाई यसका नयाँ-नयाँ कारण भेटिन थाल्छन् । जस्तै-रोगी मानिस रोगभन्दा पनि बढी त्यसको कल्पना र चिन्ताको भारले सिकिस्त हुन्छ, त्यसैगरी दुःखी मानिस बाधा र समस्याको पुनःपुनः स्मृतिले बढी दुःखी हुन्छ ।

**अर्कालाई हेरेर ऊजस्तै बन्ने, उसको जस्तो पाउने अर्थात् देखासिकी गर्ने यो मनोवृत्तिले मानिसलाई भीडको एउटा हिस्सा बनाएर छाड्छ, जसले न सही सोच्न सक्छ न सही निर्णय लिन सक्छ, न सही समयमा प्रतिकूल हावाबाट स्वयंलाई जोगाउन नै सक्छ ।**

एउटा सामान्य प्रवृत्ति के हो भने प्रत्येक मानिस स्वयंलाई बढी दुःखी ठान्दछ। यस मनोवृत्तिमा सुधार र परिष्कार ल्याउनुपर्छ । टाढाबाट पर्वत मनोरम प्रतीत हुन्छ, तर नजीक पुगेपछि त्यसको आकर्षण समाप्त हुन्छ। यसैगरी, टाढाको ढोलको आवाज मधुरो लाग्छ, तर नजीक पुगेपछि ढोलको कर्कश स्वरले मन बेचैन हुन थाल्छ ।

केही मानिस आफ्नो परिवारको वातावरण, व्यवसाय र नौकरीबाट व्यर्थ असन्तुष्ट र दुःखी प्रतीत हुन्छन् । प्रायः उनीहरूलाई अरूको परिवार, व्यवसाय र नोकरीमा बढी सुख-शान्ति, वैभव र उन्नतिको दर्शन हुन्छ । तर जब ऊ उनीहरूको अन्तरङ्ग स्थितिबाट परिचित हुन्छ, अनि आफ्नो अज्ञानतामा हाँस्न थाल्छ ।

अर्कालाई हेरेर ऊजस्तै बन्ने, उसको जस्तो पाउने अर्थात् देखासिकी गर्ने यो मनोवृत्तिले मानिसलाई भीडको एउटा हिस्सा बनाएर छाड्छ, जसले न सही सोच्न सक्छ न सही निर्णय लिन सक्छ, न सही समयमा प्रतिकूल हावाबाट स्वयंलाई जोगाउन नै सक्छ । यो देखासिकीको मानसिकताले उसलाई न प्रेरक सन्देश दिन सक्छ र न उचित निर्णय र उच्च आदर्श बन्न दिन्छ । यस्ता जटिल तथा विषम स्थितिमा हाम्रो आध्यात्मिक साधना र उपासनाले नै हामीभित्र सुतेको मनोबल र आत्मबललाई जाग्रत बनाउन सक्छ र त्यसैबाट दुःख र भयको ग्रन्थि नष्ट हुन सक्छ। यस्तो भयो भने मात्र हामी स्वयंलाई सुखी र सौभाग्यशाली महसूस गर्न सक्छौं, अनि त स्वयमेव नयाँ-नयाँ अवसर प्राप्त हुँदै जान्छ ।

# बजेट : कार्यान्वयनका सकस र समाधान

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**बजेटले आवश्यकताभन्दा सत्तासीन राजनीतिको लोकप्रियतालाई प्राथमिकता दिनु समस्याको उद्गम हो । जनताको खास आवश्यकता के हो ? बजेटका प्राथमिकता के हुनुपर्दछ भन्दा पनि कुन योजना कुन ठाउँमा लैजाँदा राजनीतिक लाभ बढी हुन्छ भन्ने महत्त्वाकाङ्क्षाले बजेटलाई पङ्गु बनाएको छ ।**

सत्तापक्षले बचाऊ र विपक्षीहरूको विरोध धर्मबाहेक अर्थमन्त्रीले बजेट सार्वजनिक गरेलगत्तै आउने औसत प्रतिक्रिया हुन्छ– बजेट त अति राम्रो छ, तर यसको प्रभावकारिता कार्यान्वयनमा भर पर्दछ । बजेटका व्यवस्थाहरूमा तुलनात्मक बढी चासो राख्ने निजी क्षेत्र बजेटमा बढी नै प्रतिक्रियात्मक बन्दै आएको छ। सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि ल्याएको बजेटमा निजी क्षेत्रबाट यही प्रतिक्रिया बाहिर आए । तर आर्थिक वर्षको अन्त्यतिर एउटै निष्कर्ष पढ्न/सुन्न पाइन्छ– बजेट कार्यान्वयन अत्यन्तै कमजोर भयो । विगतमा संसद्मार्फत पास हुने बजेट त कार्यान्वयनको कसीमा फेल हुँदै आएको छ भने अहिले अध्यादेशमार्फत ल्याइएको ‘लोकप्रिय’ बजेटबाट कस्तो परिणाम हात लाग्ला ? अनुमान त्यति असहज छैन ।

प्रत्येक वर्षको अन्त्यतिर बजेट कार्यान्वयनको विषयमा चिन्ता प्रकट हुने र छोटै समयान्तरमा सेलाएर जाने किन हुन्छ ? किन बजेटले गरेका नीतिगत व्यवस्था र योजनाहरूले परिणाम दिन सकिराखेका छैनन् ? बजेट नीतिगत दस्तावेजसहितको योजना किन बन्दैन ? किन यो राजनीतिक दलको घोषणापत्र प्रतीत हुन्छ ? पहिलो, हामीलाई थाहा छ कि सामान्य घर चलाउन पनि आय र खर्चको यथार्थ लेखाजोखा चाहिन्छ । खल्तीको तौलभन्दा खर्च बढी भए, त्यसले आर्थिक दुर्घटना निम्त्याउँछ। यो सामान्य ज्ञान बजेट बनाउने विज्ञहरूको माथिङ्गलमा घुस्न नसक्नु नै बजेट कार्यान्वयनमा देखिने समस्याको पहिलो कडी हो ।

सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा सुरुआती बहस अझै थामिएको छैन । सुशील कोइराला मेमोरियल फाउन्डेशनले शनिवार आयोजना गरेको भर्चुअल अन्तर्क्रियामा सहभागी हुने मौका मिल्यो। १६ खर्ब ४७ अर्ब रुपैयाँको बजेटको स्रोत हेर्दा १० खर्ब २४ अर्ब रुपैयाँ राजस्वबाट उठाउने भनिएको छ । यो रकम चालू आर्थिक वर्ष २०७७/७८ को राजस्व लक्ष्यभन्दा २० प्रतिशत बढी हो । चालू वर्षमैं लक्ष्यभन्दा ६ प्रतिशत न्यून राजस्व उठ्ने अनुमान सरकारले गरिसकेको छ। अहिले कोरोना महामारीबाट वैश्विक व्यापार र उत्पादनमा आएको कमीले राजस्वका स्रोत सङ्कुचित छन् । आर्थिक वर्ष २०७६/७७ मा राजस्व सन्तुलन कुल गार्हस्थ उत्पादनको २ दशमलव ०३ प्रतिशतले ऋणात्मक देखियो। त्यसअघि ५ वर्षसम्म सधैं बचतमा देखिएको राजस्व यो वर्ष पनि नकारात्मकतिर जाने करीब निश्चित छ। आगामी वर्षमा पनि यो अवस्थामा सुधार आउने सङ्केत देखिएको छैन । यस्तो अवस्थामा राजस्वबाट अनुमान गरिएको आयको आधारमा भर पर्न सकिन्न ।

आगामी वर्षको बजेटमा चालू खर्चको आकार घटाइनु सकारात्मक छ । घटाइएको बजेटभित्र साधारण खर्च सीमित रहनेमा भने आशावादी हुन किन पनि सकिन्न भने पछिल्ला वर्षहरूको सरकारी खर्च संरचनामा चालू खर्चको अनुपात बढ्दै गएको छ। त्यसको तुलनामा विकास खर्चको अनुपात भने घट्दो छ। राजस्व आयबाट साधारण खर्च पुगनपुग हुने अवस्थामा विकास खर्चका लागि बाह्य क्षेत्रको मुख ताक्नुको विकल्प छैन। यस्तो आस भनेको अनुदान र ऋणकै हो । चिन्ता यो पनि छ कि, आन्तरिक आयले साधारण खर्च चलाउन नपुगेर सुविधा भोगका लागि पनि ऋणको भर पर्नु नपरोस् ।

आउँदो वर्षको बजेटमा वैदेशिक अनुदान ६३ अर्ब रुपैयाँ आउने अनुमान छ। यसबाट पनि अपुग हुने ५ खर्ब ५९ अर्ब रुपैयाँका लागि ३ खर्ब ९ अर्ब रुपैयाँ वैदेशिक र २ खर्ब ५० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने योजनामा सरकार छ। अब अनुदानको ओज हेरौं, चालू आर्थिक वर्षमा अनुदानको रकम करीब २९ प्रतिशतले घटेर ७ अर्ब ४६ करोड रुपैयाँमा झरेको छ । यो वर्ष अनुदान लक्ष्यको तुलनामा आधा मात्र आउने सरकारकै प्रक्षेपणलाई आधार मान्ने हो भने आगामी वर्ष ६३ अर्ब रुपैयाँ हात पर्नेमा आशावादी हुने आधार सुदूरसम्म पनि फेला पर्दैन ।

विश्वका सानादेखि ठूला अर्थतन्त्र कोरोना महामारीबाट आहत भइराख्दा हामीले अनुदानको मुख ताक्नु मनोगत मात्र हुनेछ । दाता देशहरू नै सङ्कटमा फसेका बेला सहुलियत ऋण पनि अपेक्षाकृत नआउने सम्भावना नै बढी हुन्छ । सरकारले अपेक्षा गरेको स्रोत उपलब्ध नहुँदा बजेट घाटा निरन्तर बढिराखेको छ। आर्थिक वर्ष २०७२/७३ मा बजेट घाटाको अनुपात कुल गार्हस्थ उत्पादनको २ दशमलव २४ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा यो आकार ८ दशमलव १२ प्रतिशत पुगिसकेको आर्थिक सर्वेक्षण २०७७/७८ मा उल्लेख छ ।

हुनत वैदेशिक ऋणको भारलाई चिन्ताको विषय बनाउन नहुने मत पनि सुन्न पाइन्छ । अहिले विश्वका ठूला अर्थतन्त्रले कुल गार्हस्थ उत्पादनभन्दा बढी ऋण लिएर भौतिक विकासमा उन्नति गरेका उदाहरणहरू पनि छन्। तर यस्तो रकमको सदुपयोग प्राथमिक शर्त हुनुपर्दछ। भ्रष्टाचार र फजुल खर्च संस्कृति नै बनिसकेको हाम्रोजस्तो देशमा बाह्य ऋण विकास होइन, जनतालाई ऋणको भारी बोकाउने उपक्रम मात्रै बनेको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा विदेशी ऋण बढेकोबढ्यै छ । वर्ष २०७१/७२ सम्म यो अनुपात २२ दशमलव ४८ प्रतिशत रहेकोमा यो वर्षसम्ममा यो आकार ३७ प्रतिशत पुगिसकेको छ ।

आर्थिक वर्ष २०७६/७७ को बजेट १५ खर्बभन्दा बढी थियो । कोरोना कहरलाई देखाएर २०७७/७८ को बजेट १४ खर्ब ७४ अर्बमा झारियो । तर दुईपटक संशोधनमार्फत बजेटलाई १२ खर्ब ६६ अर्ब रुपैयाँ बनाइयो । पटक-पटक संशोधन गरिएको बजेटसमेत पूर्ण कार्यान्वयन हुने अवस्था छैन। अधिकांश पूँजीगत खर्च आर्थिक वर्षको अन्तिम महीनामा खर्च हुने परिपाटी बसेको छ। प्रत्येक वर्षको विकास बजेटमध्ये करीब ४० प्रतिशत रकम असार महीनामा खर्च हुन्छ। वर्षभरिको भुक्तानी आर्थिक वर्षको अन्तिम महीनामा गर्ने परिपाटी र असारे विकासले यो समस्या झन् गिजोलिएको छ। बजेट कार्यान्वयन प्रभावकारी होओस् भन्नकै लागि संविधानमैं बजेट ल्याउने दिन तोकिएको छ । २०७२ सालमा संविधान जारी भएयता पाँचवटा बजेट ल्याइए पनि कार्यान्वयनमा बेथितिको पुनरावृत्ति रोकिएन ।

बजेट खर्चको संरचना हेर्दा चालू खर्च बढिराखेको छ। चालू खर्चको तुलनामा विकास खर्चको अनुपात घट्दै गएको छ। वर्ष २०७५/७६ मा साधारण खर्च ६४ दशमलव ५ प्रतिशत हुँदा पूँजीगत र वित्तीय व्यवस्थापन क्रमशः २१ दशमलव ८ र १३ दशमलव ७ प्रतिशत देखिन्छ। यो आकार वर्ष २०७६/७७ मा क्रमशः ७१ दशमलव ९, १७ दशमलव ३ र १० दशमलव ८ मा झरेको छ । वर्ष २०७७/७८ को फागुनसम्ममा झन् खस्किएर क्रमशः ७९ दशमलव ९, १० दशमलव ८ र ६ दशमलव ५ मा सीमित भएको महालेखा नियन्त्रकको कार्यालयको तथ्याङ्क छ।

साधारण खर्च बढ्दो उकालो लागिराख्दा विकास खर्चको अनुपात घट्दै जानु भनेको राज्यको स्रोत सुविधामा खर्च गर्ने, तर सुविधा उपभोग गरेबापत पूरा गर्नुपर्ने दायित्वमा उदासीन प्रवृत्तिको प्रमाण पनि हो। कर्मचारीतन्त्र आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध नभएको भन्ने बुझ्न सकिन्छ। यो बजेट कार्यान्वयनमा कमजोरीको अर्को समस्या हो । डा रामशरण महतले आफ्नो अर्थमन्त्रीकालमा बजेट कार्यान्वयनमा कर्मचारी संयन्त्रलाई उत्तरदायी बनाउन योजनाको प्रगतिको आधारमा प्रोत्साहन र कारबाहीको प्रावधान बजेटमैं ल्याएका थिए । यो व्यवस्था त्यसपछिका बजेटमा हराएर गयो। कार्यान्वयन नै नहुने कति योजना बजेटमा वर्षौंदेखि दोहोरिंदै आएका छन्।

बजेट भाषण सुन्दा यो सरकारी योजना र आय-व्ययको अभिलेख कम राजनीतिक दलको घोषणा बढी लाग्छ। बजेटले आवश्यकताभन्दा सत्तासीन राजनीतिको लोकप्रियतालाई प्राथमिकता दिनु समस्याको उद्गम हो । जनताको खास आवश्यकता के हो ? बजेटका प्राथमिकता के हुनुपर्दछ भन्दा पनि कुन योजना कुन ठाउँमा लैजाँदा राजनीतिक लाभ बढी हुन्छ भन्ने महत्त्वाकाङ्क्षाले बजेटलाई पङ्गु बनाएको छ । बजेट विकासको आधार नभएर राजनीतिक स्वार्थको औजार बनेको छ। कार्यान्वयन तहका कर्मचारीलाई मात्र होइन, बजेटमा आवश्यकताभन्दा राजनीतिक आग्रह र स्वार्थ घुसाउने राजनीतिक प्रवृत्तिमा लगाम लगाउन अति जरुरी छ। बजेट बहसको थालनी अब यो सिराबाट शुरू हुनुपर्दछ।

# तत्काल मनसुन कमजोर हुने अवस्था छैन –मौसमविद्

काठमाडौं, ५ असार/रासस

केही दिनदेखि सक्रिय मनसुन तत्काल कमजोर नहुने मौसमविद्ले बताएका छन्। यस वर्ष शुरूमैं मनसुन सक्रिय भएर भित्रिएकाले तत्काल कमजोर हुने अवस्था नरहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् शान्ति कँडेलले जानकारी दिइन् ।

“यस वर्ष मनसुन सक्रिय भएर भित्रिएकाले यो वायुको प्रभाव अझै केही दिन कायम रहने देखिन्छ,” मौसमविद् कँडेलले भनिन्, “त्यसैले केही दिन वर्षाको सिलसिला निरन्तर जारी रहन सक्छ।” केही दिनपछि भने यो वायुको प्रभाव निस्तेज हुने उनको भनाइ छ ।

मनसुन शुरू हुने औसत मितिभन्दा तीन दिनअघि नै यस वर्ष सक्रिय मनसुनले लगातार पानी पारिरहेको छ ।

विभागका अनुसार अहिले पनि देशभर आंशिकदेखि सामान्य बदली भइरहेको छ भने प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भूभागका केही स्थानमा मनसुनी वायुले हल्का पानी पारिरहेको छ ।

आज दिउँसो भने देशभर सामान्यदेखि पूर्ण बदली भएको र देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको महाशाखाले जनाएको छ ।

प्रदेश नं १, गण्डकी, लुम्बिनी र वाग्मती प्रदेशका थोरै स्थानमा भने मेघगर्जनसहित भारी वर्षाको सम्भावना महाशाखाले औंल्याएको छ ।


तस्वीरः सौजन्य

# बालिकाको बीभत्स हत्या

सप्तरी, ५ असार/रासस

सप्तरीमा नौ वर्षीया बालिकाको शनिवार बीभत्स हत्या भएको छ । डाक्नेश्वरी नगरपालिका-३ तरही बस्ने रामउदगार यादवकी छोरी शिवानी कुमारी हत्या गरिएको अवस्थामा फेला परेको तरही गाविसका पूर्वअध्यक्ष शोभानन्द रायले जानकारी दिए ।

परिवारिक सदस्यका अनुसार शिवानी पाँच वर्षीया बहिनीसँग बाख्रा चराउन घरबाट निक्लेकी थिइन्। सामान्य पानी पर्न थालेपछि बहिनीलाई घर पठाएर फूलबारीमा हावाले झारेका आँप टिप्न थालेकी शिवानीको हत्या भएको स्थानीयवासीले बताएका छन्।

प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले घटनास्थल पुगेर अनुसन्धान गरेका थिए। शव शल्यपरीक्षणका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# आइएमएफद्वारा बढी कार्बन उत्सर्जन गर्ने मुलुकका लागि सहयोग सीमा प्रस्ताव

वाशिङ्टन, ५ असार/सिन्हवा

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले शुक्रवार विश्वव्यापी उष्णता (ग्लोबल वार्मिङ)लाई कम गर्न र यस दशकमा कार्बनको वृद्धि न्यून बिन्दुमा पुऱ्याउन सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय कार्बन मूल्य सीमा स्थापना गर्ने प्रस्ताव गरेको छ।



तस्वीरः फाइल

“कार्बनमा बिस्तारै बढ्दो मूल्यले नयाँ र नवीकरणीय ऊर्जा, स्वच्छ गतिशीलता र कार्बन प्रविधिको प्रयोगलाई न्यून बनाउन प्रोत्साहित गर्नेछ,” आइएमएफका प्रबन्ध निर्देशक क्रिस्टलिना जर्जियावाले ब्रुकिंग्स इन्स्टिच्युसनद्वारा आयोजित एक कार्यक्रममा बताइन्।

“विश्वव्यापी तापक्रमलाई १.५ प्रतिशतदेखि दुई प्रतिशतसम्म सीमित गर्न सन् २०३० सम्ममा उत्सर्जनलाई एक चौथाइबाट ५० प्रतिशतसम्म कटौती गर्नुपर्ने आवश्यक हुन्छ र यो दशकको अन्त्यसम्ममा प्रतिटन ७५ अमेरिकी डलर बराबरको योगदानको वैश्विक उपायविना यस्तो सम्भावना हुँदैन,” उनले भनिन्। हालको विश्वव्यापी औसत उत्सर्जन मूल्य प्रतिटन तीन डलर मात्र रहेको छ।

विश्वभर ६० भन्दा बढी नेशनल तथा सबनेशनल कार्बन मूल्य निर्धारण योजनाहरूको साथ प्रगति भएको उल्लेख गर्दै जर्जियावाले भनिन्, “यस क्षेत्रका लागि हामीले धेरै लामो सहयात्रा गर्नु छ।”

जर्जियावाले भनिन्, “आइएमएफका अधिकारीहरूले शुक्रवार अन्तर्राष्ट्रिय कार्बन उत्सर्जन सीमा प्रस्ताव प्रकाशित गरेका छन्, जुन यस दशकको अवधिमा कार्बन वृद्धिलाई न्यून बिन्दुमा छिट्टै पुऱ्याउने लक्ष्य हासिल गर्न कसरी मदत गर्दछ भन्ने कुरा तय गर्छ।”

उनले योगदान सीमाबारे तीन महत्त्वपूर्ण तत्त्वहरूलाई जोड दिँदै भनिन्, “यसले केही ठूला उत्सर्जनकर्ताहरूमा ध्यान केन्द्रित गर्दछ। जस्तै केही वा सबै जी-ट्वन्टी समूह राष्ट्रको सम्झौता कार्बन उत्सर्जनको न्यूनतम योगदानको विषयले विभिन्न देशमा ‘एकैसाथ काम’ गर्ने अनुमति दिनेछ। समान कार्बन योगदान सीमा सम्झौता ‘लचिलो, व्यावहारिक, र न्यायसङ्गत’ हुनेछ र विभिन्न विकास स्तर र ऐतिहासिक उत्सर्जनको आधारमा भिन्नभिन्न मूल्य निर्धारणका साथ देशहरूमा विभिन्न जिम्मेवारीहरूको लागि सुरुआत हुनेछ।”

आइएमएफ प्रमुखले भनिन्, “कार्बन मूल्य सीमा व्यवस्थाको मतलब कार्बन कर समान हुँदैन। “जबकि कर एक कुशल संयन्त्र हो, कार्बन उत्सर्जन योगदान सीमाले नियमन वा उत्सर्जन व्यवसायमा समान परिणाम प्राप्त गर्दछ साथै अन्य नीति तथा उपायमार्फत यसले काम गर्न सक्दछ।” रासस

# चीनले बच्चा जन्माउने सीमालाई सन् २०२५ सम्ममा अन्त्य गर्ने -रिपोर्ट

बेइजिङ, ५ असार/एएनआई

चीनले जनसङ्ख्या वृद्धि सुस्त भएको पाएपछि सन् २०२५ सम्ममा बच्चाको जन्ममा आफ्नो सीमा समाप्त गर्ने योजनाबारे विचार गरिरहेको ‘द वाल स्ट्रीट जर्नल’मा उल्लेख छ।

रिपोर्ट अनुसार सरकारले चीनको चालू पञ्चवर्षीय आर्थिक योजनाको अन्त्यमा बच्चा जन्माउने प्रतिबन्धहरूलाई पूर्णतया हटाउन सक्छ। चीनको राष्ट्रिय तथ्याङ्क विभागले मेमा सार्वजनिक तथ्याङ्कमा देशको जन्मदर सन् २०१६ देखि सन् २०२० सम्म लगातार चार वर्षसम्म घटेको देखिएको थियो। सन् १९५० पछि विश्वव्यापीरूपमा नै सिनच्याङ प्रान्तमा सबैभन्दा बढी जन्मदर घटेको देखाइएको छ। चिनियाँ स्रोतलाई उद्धृत गर्दै ‘द वाल स्ट्रीट जर्नल’मा भनिएको छ, “चीनले जन्मदर कम भएका क्षेत्रहरूमा छिट्टै प्रतिबन्धलाई सहज बनाउन थाल्नेछ र क्रमशः अन्य प्रान्तमा पनि यो योजना अघि बढाउनेछ।”

चीनले जनसङ्ख्या नियन्त्रणका लागि महिलाहरूलाई बन्ध्याकरणका लागि प्रोत्साहन गरेपछि पाको उमेरको जनसङ्ख्या अधिक भएको छ। जनसङ्ख्या नियन्त्रणको लागि तय गरिएको नियम तोड्नेलाई जेल सजाय दिने नीतिहरूको कारण जन्मदरमा निकै कमी आएको जर्नलमा उल्लेख छ।

गत वर्ष परिवर्तनको बावजूद चीनले खाद्य सङ्कटको चरम बिन्दुको तुलनामा देशको हालको आर्थिक वृद्धिपछि पनि प्रतिवर्षको नवजात शिशुहरूको जन्मदरमा कमी देखिएपछि नयाँ नीति ल्याइ जन्मदरलाई बढाउन लागेको बताइएको छ। चीनमा अहिले पनि प्रतिव्यक्ति आय अझै पनि छिमेकी दक्षिण कोरियाभन्दा आधा कम रहेको अमेरिकी पत्रिका वाशिङ्टन पोस्टले हालै उल्लेख गरेको छ।

यसअघि सिएनएनमा प्रकाशित एक लेखमा केही विज्ञहरूलाई उद्धृत गरी बेइजिङले बच्चा जन्माउने नियमलाई किन पूरै नहटाएको हो भन्ने सन्दर्भमा यसको कारण सिनच्याङ हुन सक्ने बताइएको छ। बेन वेस्टकोटले सिएनएनमा लेखेका छन्, “चीनले विशेष गरी सिनचयाङस्थित जातीय अल्पसङ्ख्यक समुदायप्रति बेइजिङको मनोविज्ञानका कारण उनीहरूको अभिभावकत्व सीमित राखेको छ।”

यसबाहेक, चिनियाँ सरकारले परिवारमा तीन बच्चाको सीमा राख्नुको कारण सिनच्याङको जन्मदरमा नियन्त्रण कायम राखेको कतिपय चिनियाँ प्रशासनका आलोचकहरूले भने पनि खासमा १९५० को दशकमा देखिएको उच्च जनसङ्ख्या वृद्धिका कारण आएको खाद्य सङ्कट र अनियन्त्रित जनसङ्ख्या वृद्धि रोक्नु नै ४० वर्ष पहिले अख्तियार गरेको एक बच्चा नीति चीनका लागि वरदान बनेको थियो। तर पछिल्ला दशकहरूमा अन्य विकसित मुलुकमा जस्तै चिनियाँहरूले पनि बच्चा जन्माउन नचाहनु बुढ्यौली जनसङ्ख्या वृद्धिको प्रमुख कारण हो।

कुनै समय अत्यधिक जनसङ्ख्याका कारण असहज बनेको चिनियाँ खाद्य सङ्कट र कमजोर अर्थतन्त्र एक बच्चा नीतिका कारण सफल भएको बताउने गरिन्छ।

चीनको विकासको क्रममा नीतिले सफलतापूर्वक जन्मदरमा कडाइ भएका कारण यसको नकारात्मक प्रभाव हालैका वर्षहरूमा युवा जनसङ्ख्यामा कमी देखिनुलाई मानिएको छ। अधिकारीहरूले देशको आर्थिक वृद्धिको शक्तिलाई थप सशक्त पार्न पर्याप्त युवा श्रमिकहरू हुनुपर्दछ तर चीनको अहिलेको अवस्थाले योभन्दा भिन्न स्थितिको सामना गर्नुपर्ने विज्ञहरूको सुझाव आएका कारण सरकारले बच्चा जन्माउने सीमालाई हटाउन लागेको भनाइहरूमा थप सत्यता देख्न सकिन्छ।

यो जनसङ्ख्या समस्यालाई सम्बोधन गर्न चीनले सन् २०१६ देखि एक दम्पती एक बच्चा नीतिलाई खुकुलो पार्दै दुई बच्चा जन्माउन पाउने नीति अघि ल्याएको थियो। यसमा पनि थप संशोधन गर्दै यसै वर्षदेखि एक दम्पतीले तीन बच्चा जन्माउन सक्ने प्रावधान ल्याइएको छ।

# माइक्रोसफ्टको अध्यक्षमा भारतीय मूलका सत्य नाडेला नियुक्त

वाशिङ्टन, ५ असार/एएनआई

विश्वचर्चित माइक्रोसफ्ट कार्पोरेशनको अध्यक्षमा सत्य नाडेला नियुक्त भएका छन्।

माइक्रोसफ्टको अध्यक्ष यसअघि जोन थमसन थिए भने नाडेला माइक्रोसफ्टको प्रमुख कार्यकारी अधिकृत (सिइओ) थिए।

भारतीय मूलका नाडेला सो चर्चित कम्पनीको अध्यक्षमा निर्विरोध निर्वाचित भएको कम्पनीले जनाएको छ।

माइक्रोसफ्टका संस्थापक बिल गेट्सले प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी गत सन् २००० मा त्यागेका थिए भने सन् २०१४ देखि लगातार नाडेला नै प्रमुख कार्यकारी अधिकृत थिए।

उनी अध्यक्षमा निर्वाचित भएपनि प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीसमेत निर्वाह गरिरहने कम्पनीले जनाएको छ।

माइक्रोसफ्ट कर्पोरेशनमा झन्डै दुई दशकपछि एउटै व्यक्तिले अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी पाएको हो।

त्यसैगरी, कर्पोरेशनको अध्यक्षको जिम्मेवारीबाट संस्थापक बिल गेट्स सन् २०१४ मा बाहिरिएका थिए। संस्थापक गेट्स बाहिरिएपछि थमसनले अध्यक्षको जिम्मेवारी लिएका थिए।

अहिले उनी पनि बाहिरिएपछि माइक्रोसफ्ट कर्पोरेशनको नेतृत्व तेस्रो व्यक्तिमा पुगेको छ। कर्पोरेशनको दोहोरो जिम्मेवारी लिएपछि उनले आफ्नो ट्वीटर अकाउन्टमा ‘चियरमेन एन्ड सिइओ अफ माइक्रोसफ्ट कार्पोरेशन’ लेखेका छन्। रासस

# बाढीपहिराको जोखिममा जलविद्युत् आयोजना

काठमाडौं, ५ असार/रासस

मङ्गलवारको बाढीका कारण झन्डै डेढ दर्जन जलविद्युत् आयोजनामा सानाठूला क्षति पुगे। सोही क्षतिका कारण सरकारी तथा निजी क्षेत्रका केही आयोजना अझै पनि पुनः सञ्चालनमा आउन सकेका छैनन्।


माथिल्लो तामाकोशी जलविद्युत् आयोजना। तस्वीरः फाइल

कास्कीमा निर्माणाधीन अवस्थामा रहेको ४४ मेगावाट क्षमताको सुपर मादी जलविद्युत् आयोजनामा सबैभन्दा ठूलो क्षति पुगेको छ। सुपर मादी हाइड्रोपावरका अध्यक्ष पुष्पज्योति ढुङ्गानाका अनुसार बाढीका कारण झन्डै रु एक अर्ब बराबरको नोक्सानी भएको छ।

उनका अनुसार मादी नदीमा आएको बाढीले निर्माणाधीन आयोजनाको हेडबक्स, पावरहाउस, कामदार आवास क्षेत्रलगायत स्थानमा ठूलो क्षति पुऱ्याएको छ। यस्तै, लोडर, एक्साभेटर, पेनस्टक पाइप, कर्सर प्लान्ट, आरएमसी प्लान्ट, हेभी जेनेरेटरलगायत पावरहाउस क्षेत्रबाट निर्माण सामग्रीसमेत बगाएको छ।

आज मात्रै नेपाल-चीन सीमा क्षेत्रनजीकै रहेको रोजिया शहर र सोको आसपासमा भारी वर्षा भएसँगै पहिरो आउँदा नदीको बहाव रोकिन गएको भन्दै जिल्ला प्रशासन कार्यालय दोलखाले सचेत रहन सूचना जारी गरेको छ। नेपाल-चीन सीमा क्षेत्रको बस्ती तथा तामाकोशी नदी तटीय क्षेत्रमा जोखिम उत्पन्न हुने सूचनामा उल्लेख छ।

तामाकोशी नदीमा नै ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छ। बाढीका कारण दोर्दी करिडोरमा निर्माणमा रहेका आयोजनामध्ये केहीमा सामान्य क्षति पुऱ्याएको छ। बाढीका कारण दोर्दी करिडोरमा निर्माणाधीन अवस्थामा रहेका आयोजनामा क्षति पुगेको छ। कुल ५४ मेगावाट क्षमताको सुपर दोर्दी (ख), १२ मेगावाट क्षमताको दोर्दी १ मा बाढीले समस्या पारेको छ। रसुवामा निर्माण भइरहेको रसुवागढी आयोजनाको टेलरेसबाट बाढी पसेको छ। बाढीले आयोजनामा आवतजावतका लागि निर्माण गरिएको बेलीब्रिज बगाएको छ।

मेलम्चीमा आएको बाढीले पुऱ्याएको जनधनको क्षति असाध्यै ठूलो छ। वातावरण विज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धान गर्दै आएका रविन निरौलाका अनुसार कमजोर भूसतहमा सामान्य पहिरो जाँदा पनि तल्लो तटमा ठूलो क्षति पुगेको छ।

मेलम्चीको हकमा पहिरो खसेर ४५ मिनेट बढी खोला थुनिएको देखिन्छ। मनसुनको समयमा नदी त्यसले कति विकराल रूप लिन्छ भनेर मेलम्चीको अवस्थाबाटै थाहा भएको छ।

बाढीपहिरोले नेपालको हिमाली तथा पहाडी क्षेत्रमा निर्माण भएका भौतिक संरचनामा ठूलो क्षति पुगेको छ। मेलम्ची खानेपानी आयोजनाका अनुसार बाँधस्थल तथा अन्य संरचनामा बाढीले समस्या पारेको छ। जानकारहरूका अनुसार नेपाल आफैंमा प्राकृतिक विपत्तिको जोखिममा छ। ‘गोरखा भूकम्प’का कारण भौगोलिकरूपमा नै केही जटिलता सिर्जना भएका छन्। त्यसमाथि जलवायु परिवर्तनका कारण एकै स्थानमा धेरै वर्षा हुने कारण पनि बाढीपहिरोको जोखिम उत्तिकै बढी देखिन्छ। यस्तो अवस्थामा भौतिक पूर्वाधार निर्माण गर्दा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ।

विशेषगरी उत्तरी क्षेत्रमा निर्माणमा रहेका र सञ्चालनमा आइसकेका जलविद्युत् आयोजनामा पछिल्ला बाढीपहिरोले झनै समस्या थपिदिएको छ। लागत र समय मात्रै बढेको छैन, आयोजनाको भविष्यमा समेत प्रश्नचिह्न खडा भएको छ।

## यसो गरे जोगाउन सकिन्छ

यस्तो विषम अवस्थामा हाम्रा भौतिक पूर्वाधार निर्माणमा कुन विषयलाई बढी ध्यान दिनुपर्ला त भन्ने जिज्ञासामा नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनीयरिङका प्रबन्ध सञ्चालक माधव कोइराला भन्छन्, “हामीले विशेषगरी खोलाको अवस्थालाई ख्याल गरेर मात्रै निर्माणका काम अगाडि बढाउनुपर्छ।” उनका अनुसार हामीले कस्तो संरचना बनाउँदैछौं, त्यहाँको भूगोल कस्तो छ भन्ने जस्ता विषयमा मिहीन अध्ययनको जरुरी देखिएको छ।

यस्तै, सुरक्षाका उपाय के कति मात्रामा अवलम्बन गरेका छौं वा जोखिम न्यून गर्ने मापदण्डलाई के कसरी आत्मसात् गरेका छौं भन्ने विषय पनि यसमा जोडिएर आएको प्रबन्ध सञ्चालक कोइरालाको भनाइ छ।

भइहाल्छ वा चलिहाल्छ नि भन्ने मान्यताले कतिपय विकास निर्माणका काममा गुणस्तरलाई ख्याल नगर्ने प्रवृत्ति पनि उत्तिकै छ। सही डिजाइन भयो वा भएन, डिजाइन अनुसारका संरचना तयार भए वा भएनन् भन्ने कुरालाई विशेष ख्याल गर्नुपर्ने र सोही अनुसारका संरचना बनाउन लागिपर्नुपर्ने कोइरालाको भनाइ छ।

चिलिमे जलविद्युत् आयोजनादेखि नेपाल-चीन सीमा क्षेत्रनजीक निर्माण भइरहेको १११ मेगावाट क्षमताको रसुवागढी आयोजनाको समेत प्रमुख भएर काम गरिसकेका कोइरालाको विचारमा “सही स्थानमा सही संरचना (राइट प्लेस, राइट स्ट्रक्चर)” हुनु आवश्यक छ।

परियोजनाको छनोटदेखि नै भौगर्भिकरुपमा जोखिम छन् वा छैनन् भन्ने विषयमा राम्रो खोज आवश्यक रहेको पछिल्ला दिनमा देखिएको बाढीपहिरोले देखाएको कोइरालाको बुझाइ छ। उनी भन्छन्, “हामीले अब इन्जिनीयरिङलाई पनि सोही अनुसार अगाडि बढाउनुपर्ने देखिन्छ, सही डिजाइन र मापदण्डको पूर्ण कार्यान्वयन जरुरी देखिन्छ।” एनइए इन्जिनीयरिङ कम्पनीले गरिरहेका कामलाई समेत अब थप गुणस्तरीय र प्रभावकारी बनाउने तथा जोखिम कम गर्नेतर्फ ध्यान दिने उनको भनाइ छ।

ठूला प्राकृतिक विपत्तिलाई रोक्न नसकिए पनि क्षति कम गर्नेतर्फ सोच्नु जरुरी छ। किनकि, नेपालको विकास निर्माण प्रक्रियामा सुरक्षाका उपाय अवलम्बन नगर्ने प्रवृत्ति पनि उत्तिकै छ। पूर्वसावधानी अपनाउन सकिए क्षतिलाई घटाएर भौतिक संरचनाको सुरक्षा गर्न सकिने प्रबन्ध सञ्चालक कोइरालाको भनाइ छ।

ठूला भौतिक पूर्वाधार निर्माण गर्दा सामान्यता दशौं वर्षको मौसमी विवरण आवश्यक पर्दछ। त्यसमा अध्ययन गरिन्छ। त्यसमा पनि अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्रका परियोजना निर्माण गर्दा झनै मिहीन अध्ययनको जरुरी देखिन्छ।

बाढीपहिरोका कारण जलविद्युत् आयोजनाका उपकरणमा नदीको बालुवा तथा लेदो पसेकाले पनि केही दिन विद्युत् उत्पादन बन्द हुने उनीहरूको भनाइ छ। मेलम्चीको बाढीले इन्द्रावती तेस्रोको विद्युत् उत्पादन बन्द छ। कुल ७.५ मेगावाट क्षमताको सो आयोजना मङ्गलवार साँझदेखि बन्द रहेको छ। मुख्य संरचना सुरक्षित रहेको भएपनि बाँधको गेटमा समस्या देखिएको बताइन्छ। नेशनल हाइड्रोपावर प्रवर्द्धक रहेको सो आयोजनाको क्षतिका बारेमा मूल्याङ्कन भइरहेको जनाइएको छ। कम्पनीका अध्यक्ष कुमार पाण्डेका अनुसार क्षतिको मूल्याङ्कन भइरहेको छ।

यस्तै, सो आयोजनाका तीनवटा टावरमा क्षति पुगेको छ। गत माघमा भारतको उत्तराखण्डको चमोलीमा आएको हिमपहिरोले बूढीगङ्गालगायतका आयोजनालाई क्षति पुऱ्याएको थियो। हिमाली क्षेत्रमा भौतिक पूर्वाधार निर्माणलाई कसरी सुरक्षित बनाउने भन्नेमा ध्यान जानु जरुरी छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडाश्रम |
| मिथुन – सुसमाचार | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# कोरोना कहरः रोजगारका लागि भारत जाने बढे

महेन्द्रनगर, ५ असार/रासस

कोरोना सङ्क्रमणको दोस्रो लहरको दर घटिरहेको भएपनि अझै पूर्णरूपमा




अवस्था सामान्य बनिसकेको छैन। तर कोरोना त्रासदीका बीच जीविका चलाउन मजदूरी गर्न भारत जाने क्रम भने यहाँ बढ्दै गएको छ।

सुदूरपश्चिम प्रदेशमा जारी निषेधाज्ञामा सार्वजनिक सवारी सञ्चालनमा नआए पनि यहाँको गौरीफन्टा नाकामा भने भारत जाने नेपालीहरूको लाम लाग्न थालेको छ। डोटीबाट मोटसाइकलदेखि पैदल यात्रासम्म गरेर धनगढी पुगेर अब मजदूरी गर्न जाँदैछु," कञ्चनपुरको पूर्वी गौरीफन्टाबाट भारतको मुम्बई जान हिंडेका दीपेन्द्र खड्काले भने, "यहाँ बसेर कोरोनाबाट त बाँच्यौं तर भोकले मर्ने स्थिति बनेपछि मुग्लान जानुको विकल्प रहेन।"

कोरोना कहरका बेला गत चैतमा स्वदेश फर्किएका खड्काले स्थानीयस्तरमा रोजगारका कुनै सम्भावना नहुनु दुःखद कुरो भएको बताए। "कृषि र पशुपालनमा लागेर गाउँमैं बसेर जीविका चलाउने मन थियो," उनले भने, "पारिवारिक अवस्था कमजोर भएकोले त्यो सम्भव भएन।" गत चैत महीनामा यहाँको गड्डाचौकी नाका र गौरीफन्टा नाकाबाट स्वदेश फर्किनेको भीडभाड रहे पनि अहिले कोरोना कम हुँदा कामका लागि भारतका विभिन्न शहर जाने क्रम चलिरहेको छ। सुदूरपश्चिम प्रदेशको प्रमुख रोजगारको गन्तव्य नै दशकौंदेखि भारत नै हो।

डोकेबजारस्थित प्रहरी चौकीका प्रहरी नायब निरीक्षक खड्कजङ्ग शाहीले गत जेठ महीनामा मात्रै गौरीफन्टा नाकाबाट १२ हजार सात सयभन्दा बढी नेपाली भारत रोजगारका लागि गएको जानकारी दिए। "भारतबाट स्वदेश फर्किनेहरूलाई गन्तव्यमा पुऱ्याउन नाकामैं बसको व्यवस्था गरिएको छ," उनले भने, "बसहरू गन्तव्यमा यात्रु पुऱ्याएर फर्किंदा त्यसैमा भारत जाने आउँछन्।"

उनले गौरीफन्टा नाकाबाट सुदूरपश्चिमका पहाडी जिल्लासँगै सुर्खेत, कालीकोट, प्युठान, बर्दिया र पाल्पाबाट समेत भारत जान यहाँ आइरहेको बताए।

प्रहरी नायब निरीक्षक शाहीका अनुसार गत जेठमा यहाँको नाकाबाट २४ हजार नेपाली स्वदेश फर्किएका थिए। "अहिले त महिला, बालबालिका गरी सिङ्गो परिवारसहित भारत गइरहेका छन्," उनले भने, "यो नाकाबाट दिल्ली, मुम्बई, पुणे, अहमदाबादलगायतका शहरमा बढी जाँदा रहेछन्।"

त्यसैगरी, शुक्रवार पतिसहित कामका लागि भारतको पञ्जाब जान लागेकी डडेल्धुराकी धनादेवी जोशीले आफूहरू लामो समयदेखि भारतमा रोजगारमा रहेर परिवारको जीविका चलाउँदै आएको बताइन्। "यहाँ त कोरोनाको बेलामा कामसमेत पाउने स्थिति छैन," उनले भनिन्, "कोरोनाको समयमा रोगले भन्दा भोकले मर्ने चिन्ताले परिवारसहित भारत जाँदैछौं।"

केही दिनयता भारतले पनि नेपाली नागरिकलाई भारत जान सहज गरेका कारण नेपालीहरू दैनिकरूपमा भारत जाने क्रम बढ्दै गएको हो। शुक्रवारको तथ्याङ्क हेर्दा गौरीफन्टा नाकाबाट ७ सयजनाभन्दा र गड्डाचौकी नाकाबाट ३४६ जना भारत गएका छन्। त्यसैगरी, जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाले भारत जाने क्रम यहाँका नाकाबाट बढेको बताए। "कोरोना कहर कम हुँदै जाँदा आउनेहरू घटेका छन्," प्रवक्ता थापाले भने, "नाका खुलिनसकेकाले भारतीयलाई भने यहाँ आउन दिइएको छैन।"



समर्पन सेवा संस्था र साहिब दरबार सेवा संस्थानले निषेधाज्ञा अवधिमा निश्शुल्क भोजन गराउँदै आएको छ। साथै शनिवार वीरगंज महानगरमा कुकुर (भैरव) लाई साताको शनिवार मासु भात खुवाउने गरेको छ। सोहि क्रममा शनिवार असार ५ गते कुकुरहरुलाई मासु भात खुवाउँदै गरेको दृश्य। तस्वीरः प्रतीक

# विदेश भ्रमणलाई २२ निजी अस्पतालको पिसिआर रिपोर्टलाई मान्यता

काठमाडौं, ५ असार/रासस

सरकारले विदेश भ्रमणका लागि २२ निजी अस्पतालको पिसिआर रिपोर्टलाई मान्यता दिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विदेश जानेलाई पिसिआर परीक्षण गर्ने सम्बन्धमा सबै सरकारी पिसिआर प्रयोगशाला र २२ निजी अस्पतालको प्रयोगशालाको परीक्षण रिपोर्टलाई मान्यता दिने भएको हो।

मन्त्रालयका अनुसार ग्रान्डी, कान्तिपुर, स्टार, हेम्स, काठमाडौं मेडिकल कलेज, नेपाल मेडिसिटी, बी एन्ड बी, अल्का, कान्तिपुर डेन्टल, जनमैत्री, नेपाल मेडिकल कलेज, नेपालगंज मेडिकल कलेज, चितवन मेडिकल कलेज, लुम्बिनी मेडिकल कलेज रहेका छन्।

यस्तै, नेशनल मेडिकल कलेज, युनिभर्सल मेडिकल कलेज भैरहवा, मनमोहन मेमोरियल, काठमाडौं युनिभर्सिटी मेडिकल कलेज धुलिखेल, नोबेल मेडिकल कलेज विराटनगर, न्यूरोकार्डियो अस्पताल विराटनगर, विराट मेडिकल कलेज विराटनगर, लेप्रोसी मिसन नेपाल अस्पताल ललितपुरलाई मान्यता दिएको हो।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्णय अनुसार सरकारी अस्पतालका प्रयोगशालाको साथसाथै निजी अस्पतालमा गराएको पिसिआर परीक्षणको रिपोर्टलाई समेत विदेश जानका लागि मान्यता दिने निर्णय गरेको जानकारी दिए। सहप्रवक्ता अधिकारीले प्रक्रिया पुऱ्याएका अरू निजी अस्पताललाई पनि क्रमशः मान्यता दिने बताए।

# एम्बुलेन्स चालकलाई पिपिई किट

प्रस, वीरगंज, ५ असार/

सानो पाइलाले मलङ्गवाका एम्बुलेन्स चालकलाई व्यक्तिगत सुरक्षा सामग्री (पिपिई किट) वितरण गरेको छ।

एचएलई नेपालसँगको सहकार्यमा सानोपाइलाले मलङ्गवाबाट सञ्चालित ४० वटा एम्बुलेन्सका चालकलाई पिपिई किट वितरण गरेको हो।

कोरोना सङ्क्रमणकालमा उच्च जोखिममा काम गरिरहेका चालकहरूको सुरक्षालाई ध्यानमा राखी पिपिई सेट वितरण गरिएको सानो पाइलाले जनाएको छ।

यसैगरी, सर्लाहीका ८ वटा स्वास्थ्य चौकीमा पनि पिपिई सेट वितरण गरिएको सानो पाइलाले जनाएको छ।

## महामारीले बदल्यो.....

नभएर क्ल्याम्पहुकमा प्रविधिको उच्चतम प्रयोग गरेर धेरै विशेषता राखिएको कम्प्युटर इन्जिनीयर तथा अर्का संस्थापक विप्लव गौतम बताउँछन्। "क्ल्याम्पहुकले इन्जिनीयरिङ अध्ययन संस्थानकै संरचनाका रूपमा नमूना साप्ताहिक परीक्षा पनि सञ्चालन गरिरहेको छ," उनले भने।

क्ल्याम्पहुकले विद्यार्थीलाई प्रश्नबारे प्रत्यक्ष अन्तर्क्रिया गर्न सहज होस् भनेर 'डिस्कर्ड प्ल्याटफर्म'मार्फत २४ घण्टा प्रश्न सोध्न मिल्ने व्यवस्था पनि गरेको छ।

इन्टरनेटमा समस्या आएको वा अन्य प्राविधिक समस्याले कक्षाका केही अंश वा पूरै कक्षा छुट्न सक्ने हुँदा त्यस्तो परिस्थितिलाई ख्याल गरेर रेकर्ड गर्ने र पछि विद्यार्थीले फेरि हेर्न सक्ने व्यवस्था मिलाइएको छ।






**घोडाबाट सेतक चिनी ढुवानी गरिंदै** : गोठीचौर गाउँपालिका वडा नं ३ जुम्लाका स्थानीय युवाहरू तीन हजार सात सय मिटर उचाइँमा रहेको खुन्खु पाटनबाट सेतक चिनी सङ्कलन गरी घोडामा ढुवानी गरेर घरतर्फ लाग्दै। तस्वीरः रासस

स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरुलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।